जि.प्रशा.का.दर्ता नं. १७१/०८०/८१

"निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज"

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ३ ❋ अंक : २५० ❋ २०८२ साल चैत्र २२ गते, आईतबार ❋ Sunday, Arp.– 05 2026 ❋ मूल्य रु. ५/- पृष्ठ : ४

## निजी क्षेत्रमैत्री बजेटमा अनावश्यक कर र प्रक्रियागत झन्झट हटाइने : अर्थ मन्त्री डा.वाग्ले

***संवाहक सम्वादाता**-२१चैत्र, कलैया*

सङ्घीय अर्थमन्त्री डा. स्वर्णिम वाग्ले ले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटलाई आर्थिक रूपान्तरण र निजी क्षेत्रमैत्री बनाउन सरकारले काम सुरु गरेको बताएका छन्। शुक्रवार वीरगञ्जमा आयोजित पूर्व बजेट अन्तरक्रिया कार्यक्रममा पर्सा र बाराका उद्योगी-व्यवसायीहरूको सुझाव सुनेर उनले सरकारको प्राथमिकता र योजनाबारे जानकारी दिएका हुन्।



अर्थमन्त्री वाग्लेले भने, "रास्वपाले पाएको अभूतपूर्व जनादेशलाई आर्थिक रूपान्तरण र सुशासनका लागि प्रमुख एजेन्डा बनाएका छौं। यो त सुरुवात हो, पूरा काम भने अझै अघि बढ्न बाँकी छ।" उनले नयाँ सरकारले राजस्व विभागसहित केही निकाय खारेज गरी सुधार प्रक्रिया सुरु गरेको उल्लेख गर्दै पूर्व अर्थमन्त्री रामेश्वर खनाल नेतृत्वको उच्चस्तरीय आर्थिक सुधार समितिको प्रतिवेदन कार्यान्वयनमा लागेको जानकारी दिए।

उनले आगामी बजेटलाई निजी क्षेत्रलाई 'बत्तिएर उड्न' दिने दृष्टिकोणसहित प्रस्तुत गरिने र करको बोझ तथा प्रक्रियागत झन्झट हटाउन ऐन-नीति खारेज वा संशोधन गर्न सरकार तयार रहेको स्पष्ट पारे। "प्रधानमन्त्री बालेन्द्र शाहले जनतालाई सास्ती होइन, प्रत्यक्ष राहत दिन निर्देशन दिएका छन्। पहिलो वर्ष सुशासनको थिति बसाल्ने वर्ष हो," उनले भने। भन्सार विभागलाई पनि लक्ष्यअनुसार राजस्व सङ्कलन गर्ने तर उद्योगी-व्यवसायीहरूलाई अनावश्यक दबाब नदिन निर्देशन दिइएको वाग्लेले बताए। "छापा मार्ने वा धम्क्याउनेभन्दा संवाद र सहकार्यको वातावरण सिर्जना गरी राजस्व उठाउनुपर्छ," उनले जोड दिए।

अर्थमन्त्रीले भन्सारमा घुस लेनदेन र अन्य अनियमितता अन्त्य गर्न कडाइ गर्ने चेतावनी दिँदै राम्रो काम गर्ने कर्मचारीलाई पुरस्कार र गलत काम गर्नेलाई हतोत्साहित गर्ने नीति अपनाइने जानकारी दिए। "सरकारको माथिल्लो तहबाट सदाचारको नीति लागू भइरहेको छ, त्यसलाई तल्लो तहसम्म कार्यान्वयन गर्न आवश्यक छ,"

बाँकी तेस्रो पृष्ठमा

## गम्हरिया घटनामा राज कुमार दासको स्पष्टिकरण : "मेरो जुलुस वा गाडीको कुनै संलग्नता छैन"

***संवाहक सम्वादाता**-२१चैत्र, कलैया*

चुनाव ताका भएको घटमा बारे राजकुमार दासले घटनाबारे मिडियामार्पत स्पष्ट पारेका छन्। फाल्गुन १७, २०८२ मा गम्हरिया स्थित मधेश प्रदेश सांसद फुलबाबूको घरको गेटमा बालबालिका खेल्ने क्रममा गेट ढल्दा च्यापिएर भएको दुःखद घटनासँग राजकुमार दासले आफ्नो कुनै संलग्नता नरहेको पत्रकार सम्मेलनमार्फत स्पष्ट पारेका छन्। दासले घटनालाई लिएर सामाजिक सञ्जालमा फैलिएका आरोपलाई "मनगढन्त र भ्रामक" भन्दै खण्डन गरे। उनले भने, "बालबालिका आफैं गेटमा झुण्डिएर खेलिरहेको अवस्थामा गेट ढलेको हो। भवितब्य घटना हुनगएको हो। यसमा मेरो जुलुस, र्‍याली वा गाडीको कुनै पनि प्रकारको सम्बन्ध छैन।"




उनका अनुसार घटना भएको दिन उनी प्रतिनिधिसभा सदस्यको उम्मेदवारका रूपमा चुनावी प्रचारमा सोही क्षेत्रमा आयोजित कोणसभामा सहभागी थिए। कार्यक्रममा वडाअध्यक्ष एकरामुल विधायक फुलबाबुसहित अन्य स्थानीय नेताहरूले सम्बोधन गरिसकेपछि उनले भाषण सुरु गरेको करिब एक मिनेटमै फुलबाबुको छोरा आएर फुलबाबुलाई लिएर गए। रम्जान हो आराम चाहिन्छ भन्ने ठाने। कार्यक्रम करिब आधा घण्टा चल्यो र कार्यकरम समापन पछि मात्रै घटनाबारे जानकारी पाएको उनले बताए। हामी हतारमा सँगै रहेका सयौं कार्यकर्ता समर्थक लिएर त्यहाँ पुगे तब सम्म बच्चालाई लिएर होस्पिटल गईसकेका थिए। प्रहरी पनि आएको थिय।

दासले प्रहरीको मुचुल्का प्रतिवेदन र प्रत्यक्षदर्शीको बयानलाई उद्धृत गर्दै भने, "घटनास्थलमा बालबालिका पिङ खेलेर गेटमा झुण्डिएका कारण गेट ढलेको हो, कुनै सवारी साधन वा जुलुसको संलग्नता छैन। यदि हाम्रो कुनै संलग्नता हुन्थ्यो भने स्थानीयवासी, पीडित परिवार वा विपक्षी उम्मेदवार चुप बस्ने थिएनन्।"

उनले सामाजिक सञ्जालमा आफूविरुद्ध फैलाइएका आरोपलाई सुनियोजित षड्यन्त्र र चरित्र हत्या गर्ने प्रयासको रूपमा वर्णन गर्दै भने, "राजनीतिमा असहमति वा प्रतिस्पर्धा हुन सक्छ, तर झुठ, अफवाह र भ्रम फैलाएर कसैको इज्जतमा खेलवाड गर्नु स्वीकार्य छैन।" अहिले आएर कसैले प्रतिसोध साधऊँने प्रयास गर्छन् भन्ने सरासर गलत हो र दुखद पनि ।यसमा कहि सत्यता छैन्। लेस मात्रको संलग्ता छैन उनले बताए।

दासले यस्ता भ्रामक प्रचारविरुद्ध कानुनी उपचारको बाटो अपनाउने चेतावनी दिँदै आवश्यक परे पोलिग्राफ परीक्षणसम्म गर्न तयार रहेको बताए। उनले भने, "जति षड्यन्त्र भए पनि नखाएको विष लाग्दैन, सत्य अन्ततः स्थापित हुन्छ।"

उक्त घटनामा एक बालकको मृत्यु भएको थियो। घटना लगत्तै प्रहरी पुगेको र अनुसन्धान प्रक्रिया अघि बढाइएको बताइएको छ। दासले सर्वसाधारणलाई सामाजिक सञ्जालमा फैलिने अपुष्ट सूचनाप्रति सचेत रहन र सत्यतथ्य बुझेर मात्र प्रतिक्रिया दिन आग्रह गरेका छन्।

## कांग्रेसको १५ औं महाधिवेशनका लागि ७७ जिल्लामा प्रतिनिधि खटाइयो

***काठमाडौं । २१ चैत्र,***

नेपाली कांग्रेसले पार्टीको १५औं महाधिवेशनको तयारी औपचारिक रूपमा सुरु गरेको छ। शनिबार (चैत्र २१, २०८२) सानेपास्थित पार्टी कार्यालयमा आयोजित अभिमुखीकरण कार्यक्रममा ७७ वटै जिल्लामा खटाइने प्रतिनिधिहरूलाई महाधिवेशनको प्रक्रिया, संगठनात्मक जिम्मेवारी र सदस्यता व्यवस्थापनका बारेमा निर्देशन दिइएको छ।



कांग्रेस महामन्त्री प्रदीप पौडेलले कार्यक्रममा प्रतिनिधिहरूलाई सम्बोधन गर्दै महाधिवेशनको महत्व र यसको सफल सञ्चालनका लागि तयारीलाई व्यवस्थित गर्न आवश्यकता औंल्याए। उनले बताए अनुसार प्रतिनिधिहरू आगामी बैशाख महिनाभर आफ्नो जिल्लामा सदस्यता वितरण अभियान सञ्चालन गर्नेछन्, पुराना सदस्यतालाई अद्यावधिक गर्नेछन् र नयाँ सदस्यता प्रवाहलाई सहज बनाउनेछन्।

महामन्त्री पौडेलले स्पष्ट पार्दै भने, "वैशाख महिनाभित्र सदस्यता अद्यावधिक गरेपछि मात्र पार्टीको आईडी प्राप्त हुनेछ। जसले आईडी प्राप्त गर्दैन, उनीहरू आगामी महाधिवेशनमा सहभागी हुन सक्दैनन्।" यसले पार्टीको सदस्यता

बाँकी तेस्रो पृष्ठमा

## आज देखि मतदाता नामावली सङ्कलन सुरु, राष्ट्रिय परिचयपत्र अनिवार्य

२१ चैत्र, काठमाडौं –

निर्वाचन आयोगले मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम आइतबार देखि पुनः सञ्चालन गर्ने निर्णय गरेको छ। आयोगको गत चैत १८ गतेको बैठकले यस वर्षको नामावली संकलनका लागि नयाँ समय तालिका तय गर्दै मतदान योग्य नागरिकलाई दर्ता प्रक्रिया सुरु गर्न निर्देशन दिएको थियो।




आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार, राष्ट्रिय परिचयपत्र (NID) प्राप्त भएका नेपाली नागरिकहरूले अनलाइन

बाँकी तेस्रो पृष्ठमा

## राष्ट्रिय जेनजी नागरिक अभियान अन्तर्गत प्रदर्शन: पेट्रोलमा कर घटाएर मूल्य नियन्त्रणको माग

***२१ चैत्र, काठमाडौं –***

राष्ट्रिय जेनजी नागरिक अभियान र कुशासन विरुद्धको महाअभियानको आयोजनामा शुक्रबार गरिएको प्रदर्शनमा सहभागीहरूले हाल पेट्रोलियम पदार्थमा लागेका विभिन्न करहरू हटाएर मूल्य घटाउन सरकारसँग जोडदार माग गरेका छन्।



प्रदर्शनमा नागरिकहरू, स्थानीय नेताहरू, सामाजिक अभियन्ता र विद्यार्थीहरू सहभागी थिए। उनीहरूले पेट्रोलियम पदार्थमा अस्वाभाविक रूपमा उच्च कर लाग्नुले दैनिक उपभोक्तामाथि आर्थिक दबाब बढाउने र जनजीवन महँगो बनाउने उल्लेख गर्दै तत्काल मूल्य नियन्त्रणको व्यवस्था गर्नुपर्नेमा जोड दिएका छन्।

सहभागीहरूले सरकारको वर्तमान कर नीति र मूल्य निर्धारण प्रक्रिया पारदर्शी नभएको भन्दै आलोचना गरेका छन्। उनीहरूले पेट्रोलियम पदार्थमा कर घटाएर बजारमा मूल्य स्थिरीकरण गर्नुपर्ने र आम उपभोक्तालाई राहत दिनुपर्ने पक्षमा जोर दिएका थिए।

कार्यक्रममा सहभागीहरूले नारा, प्लेकार्ड प्रदर्शन र सम्बोधनमार्फत नागरिकको आवाज सुनाउने प्रयास गरेका थिए। आयोजकहरूले पेट्रोलियम मूल्यवृद्धि र कर प्रणालीमा सुधार ल्याउन र आम जनतालाई आर्थिक राहत सुनिश्चित गर्न सरकारसँग माग राखेका छन्।

राष्ट्रिय जेनजी नागरिक अभियानका संयोजकले यस प्रदर्शनलाई देशभर फैलाउने र पेट्रोलियममा कर घटाउने अभियान निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेका छन्। उनले भने, "हाम्रो मुख्य उद्देश्य नागरिकको जीवन यथासम्भव सहज बनाउनु हो। कर घटाएर पेट्रोलियम मूल्य घटाउनु सरकारको

बाँकी तेस्रो पृष्ठमा

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ ।"
- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

समाचार सम्पादक
सरोज दास

कानूनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्युटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालय:
कलैया उपमहानगरपालिका
शाखा कार्यालय: कलैया-१, बारा

मुद्रक: शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

## सम्पादकीय ........

# विज्ञापनको नाममा अर्बौंको खेल: राज्य, मिडिया र नैतिकताको संकट

सरकारी विज्ञापन मूलतः नागरिकलाई सुसूचित गर्ने माध्यम हो । तर पछिल्ला तथ्यहरूले देखाएको अवस्था चिन्ताजनक मात्र होइन, राज्यको आर्थिक अनुशासन र सञ्चार क्षेत्रको नैतिकतामाथि गम्भीर प्रश्न उठाउने खालको छ । नेपाल विज्ञापन बोर्ड र अख्तियार दुरुपयोग अनुसन्धान आयोग सम्म पुगेका उजुरी र अनुसन्धानहरूले स्पष्ट पार्छन्–विज्ञापनको नाममा सवा ३ अर्ब रुपैयाँसम्मको रकम बीचमै हराउने संरचना मौलाएको छ । यो समस्या केवल भ्रष्टाचारको अंकगणित मात्र होइन, शासन प्रणालीको असफलता पनि हो । एकातिर सञ्चारमाध्यमहरूले ९० प्रतिशतभन्दा बढी छुट दिएर विज्ञापन तान्ने अस्वस्थ प्रतिस्पर्धा गरिरहेका छन्, अर्कोतिर सरकारी निकायले पूर्ण रकम भुक्तानी गरेर पनि वास्तविक सेवा नपाउने अवस्था छ । परिणामतः राज्य घाटामा, मिडिया कमजोर अवस्थामा र नागरिक सूचना अधिकारबाट वञ्चित हुने त्रिकोणीय संकट देखिन्छ । अझ गम्भीर पक्ष के छ भने, विज्ञापन प्रक्रिया नै पारदर्शी छैन । टेन्डर सूचना लुकाउने, सीमित प्रतिस्पर्धा सिर्जना गर्ने, फर्जी बिल बनाउने र न्यून सर्कुलेसन भएका मिडियामा सूचना छाप्ने जस्ता अभ्यासले सार्वजनिक खरिद प्रणालीको मर्म नै भत्काइरहेका छन् । सूचना नागरिकसम्म पुग्नुको सट्टा 'कागजी औपचारिकता'मा सीमित हुँदा लोकतान्त्रिक उत्तरदायित्व कमजोर बन्दै गएको छ । यसमा दोष एक पक्षको मात्र छैन । सरकारी कर्मचारी, विज्ञापन एजेन्सी र सञ्चारमाध्यम–तीनै पक्षको मिलेमतोले विकृति संस्थागत भएको छ । सञ्चारमाध्यमहरू, जसले समाजलाई पारदर्शिता र जवाफदेहिताको पाठ पढाउनुपर्ने हो, आफैं अनियमितताको हिस्सेदार बन्नु अझै विडम्बनापूर्ण छ । आर्थिक दबाब र अस्तित्वको लडाइँका नाममा नैतिकता तिलाञ्जली दिनु दीर्घकालीन रूपमा मिडिया क्षेत्रकै लागि आत्मघाती हुनेछ । नियमन पक्ष पनि कमजोर देखिन्छ । कानुन, नियमावली र 'थर्ड पार्टी बिलिङ' जस्ता प्रावधान भए पनि प्रभावकारी कार्यान्वयन अभावमा ती कागजमै सीमित छन् । निगरानी निकायहरू सक्रिय देखिए पनि निरन्तरता, कठोरता र परिणाममुखी कारबाहीको अभावले विकृतिलाई रोकेको छैन । जबसम्म कानुन उल्लंघन गर्नेलाई उदाहरणीय दण्ड हुँदैन, तबसम्म सुधारको अपेक्षा निरर्थक हुन्छ । अब प्रश्न उठ्छ–समाधान के ? पहिलो, सरकारी विज्ञापन वितरण पूर्णतः पारदर्शी र डिजिटल प्रणालीमा आधारित हुनुपर्छ । दोस्रो, सञ्चारमाध्यमको वर्गीकरण, सर्कुलेसन र पहुँचको वैज्ञानिक मापन अनिवार्य गरिनुपर्छ । तेस्रो, न्यूनतम दरभन्दा तल विज्ञापन लिने-दिने अभ्यासलाई कडाइका साथ नियन्त्रण गरिनुपर्छ । र सबैभन्दा महत्वपूर्ण, संलग्न सबै पक्षलाई कानुनी दायरामा ल्याएर कडा कारबाही सुनिश्चित गर्नुपर्छ । सरकारी विज्ञापन केवल आर्थिक कारोबार होइन, लोकतन्त्रको सूचना संरचना हो । यसलाई विकृत हुन दिइयो भने त्यसको असर राज्यकोषभन्दा धेरै टाढासम्म–जनविश्वास, सुशासन र स्वतन्त्र पत्रकारितासम्म पुग्छ । त्यसैले अब सुधार विकल्प होइन, अपरिहार्य आवश्यकता हो ।

# चेतनाको ज्योति खोज्दै मुसहर



शारीरिक बनावटका आधारमा मात्र होइन, जातीय विशेषतामा पनि द्रविडसँग मुसहर जातिको मेल खान्छ । आधुनिकताले शिखर टेके पनि आर्थिक, राजनीतिक, शैक्षिक अवस्था भने यो जातिको कहाली लाग्दो छ । विशेष गरेर मजदुरीमा नै आश्रित यो जातिलाई सामाजिक, आर्थिक, शैक्षिक क्षेत्रमा सरकारले संरक्षण गर्न अब ध्यान दिनु पर्छ ।



सप्तबहादुर कार्की

भौगोलिक विषमता, आर्थिक विपन्नता र अशिक्षाका कारण मानव विकास सूचकाङ्कमा नेपाल निकै पछाडि रहेको छ तर आफ्नो संस्कृति, परम्परा, जाति, भाषाका क्षेत्रमा भने सम्पन्न छ । नेपालमा बस्ने करिब १२५ जातजातिमध्ये अति विपन्न र अशिक्षित जातिको रूपमा मुसहर रहेका छन् । विश्वमा करिब ४० लाख मुसहर रहेको अनुमान छ । यो जाति तराईका जिल्ला अनि भारतको विहार, उत्तर प्रदेश, झारखण्ड, पश्चिम बङ्गाल र मध्यप्रदेशमा रहेका छन् । नेपालमा मुसहरको सङ्ख्या दुई लाख चालिस हजार जति छन् । यो कुल जनसङ्ख्याको ०.९ प्रतिशत हो । यो जातिमा ९८ प्रतिशत हिन्दु र दुई प्रतिशत अन्य धर्म मान्ने छन् । भारतका विभिन्न प्रदेशमा रहेका मुसहर जाति भने राजनीतिक चेत भएको देखिन्छ । कुनै समय जीतनराम माझी (मुसहर समुदायका) विहार प्रदेशका मुख्यमन्त्रीसमेत भएका थिए । राजनीतिक, आर्थिक, शैक्षिक क्षेत्रमा अति नै कमजोर नेपालका मुसहर आफ्नो धार्मिक, सांस्कृतिक प्रथामा भने निकै धनी छन् ।

परम्परागत रूपमा मुसा खाने भएकाले यो जातिको नाम मुसहर रहेको भनिन्छ तर मुसहरको उत्पत्ति स्थानका बारेमा आजसम्म पनि पूर्ण यकिन गर्न सकिएको छैन । यिनीहरू तराईमा रहने जातजातिमध्ये अति विपन्न र दलित जातिका रूपमा रहेको पाइन्छ । परापूर्वकालदेखि नै तराईका वन फडानी गरी बसोवास गर्दै आएका मुसहरको थर विभाजनका सन्दर्भमा भने मधेया, तिरहुतिया, कनौजिया, भुइया चार थर र गोत्र रहेको पाइन्छ । यिनीहरूले पुरानै परिपाटी अनुसार रीतिरिवाज चलाउँदै आएका छन् । जन्मदेखि मृत्युसम्मका संस्कार आफ्नै जातिका पुरोहितसँग गराउँछन् । दसैं, तिहार, छठ, होली जस्ता पर्व मनाउनुका साथै विशेष गरेर यो जातिले चौठीचन, जितिया, सतुवाइन जस्ता मुख्य चाड मनाउँछन् । सतुवाइन चाडमा विभिन्न प्रकारका परिकार बनाउँछन् । रक्सी, बोका, कुखुराको मासुका साथै मुसाको मासुसमेत खाने प्रचलन छ । यो समुदाय अन्य जातजातिको तुलनामा सबै दृष्टिकोणले निकै नै पछाडि छन् । आर्थिक, सामाजिक, राजनीतिक सबै क्षेत्रमा यो जाति पिछडिएको छ । स्रोतसाधनविहीन भएकाले निकै नै कष्टकर जीवन बिताइरहेका छन् । यिनीहरूलाई भूमिहीन जातिका रूपमा पनि लिन सकिन्छ ।

हरेक समाज गतिशील हुन विभिन्न किसिमका प्रथा र संस्कारले सघाउँछन् । यो एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै आइपुग्छ । मुसहरका संस्कारमध्ये जन्म, पास्नी, छेवर(चुडाकर्म), विवाह, मृत्यु संस्कार उल्लेखनीय छन् । जन्म संस्कारमा बच्चा जन्मेको १० औँ दिनमा बच्चाको नामकरण गरिन्छ । यसमा बच्चाको बुबाको महत्वपूर्ण भूमिका रहन्छ । बुबा नभएमा हजुरबुबा वा अन्य नातेदारबाट पनि यो कार्य गराउन सकिन्छ । बच्चा जन्मेको दिन समय बारको आधारमा नाम जुराउने प्रचलन छ । नामकरण गर्नुअघि पूजापाठ गरिँदैन तर नामकरणपछि भने पूजापाठ गरेर घर शुद्ध पारिन्छ । पास्नी यो जातिको अर्को महत्वपूर्ण संस्कार हो । हुन त हिन्दु समाजमा पास्नी सबैको साझा संस्कार हो । मुसहर जातिमा पास्नी संस्कारको आफ्नै महषव छ । यस जातिमा पनि बच्चा जन्मेको छ महिना पूरा भएपछि पास्नी गरिन्छ, जस अर्न्तगत बच्चालाई पहिलो पटक भात खुवाइन्छ । बढ्दो बजारीकरण अनि देखासिकीले गर्दा आर्थिक अवस्था अनुसार गर्ने प्रचलन बढ्दै छ । पास्नी गर्नुको मतलब बच्चा खाना खान योग्य भएको मानिन्छ । चुडाकर्म (छेवर) मुसहर जतिमा बच्चालाई गरिने अर्को महत्वपूर्ण संस्कार हो । छेवर केटाको मात्रै गरिन्छ । स्थानीय भाषामा यसलाई मुण्डन पनि भन्ने गरिन्छ । छेवर गर्दा बच्चाको मामाको प्रमुख भूमिका रहन्छ । मामाले बच्चाको कपाल काटिदिने, टिका लगाई पैसा/वस्तु उपहार दिने चलन छ । छेवरमा आफन्त छरछिमेकी बोलाई भोज गरिन्छ । विवाहसम्बन्धी आफ्नै मान्यता यो जातिमा रहेको पाइन्छ । यिनीहरूमा हाडनाता र पाँचौँ पुस्ताभित्र विवाह गरिँदैन । केही समय पहिलेसम्म बालविवाह गर्ने प्रचलन थियो । हाल १८ देखि २० वर्षमा विवाह गर्ने चलन चलेको छ । प्रेम विवाहको पनि प्रचलन बढ्दै छ । खास गरी मागी विवाह गर्दा एकअर्कालाई भेट गराई मन पराएपछि पूर्णिमा वा दसैंको समयमा केटा पक्षलाई घरमा बोलाई विवाहको दिन तय गरिन्छ । केटाकेटी दुवैलाई केटी पक्षका बुबाआमाले रातो टिका लगाई दिने प्रचलन छ । विवाह गरेर केटीलाई केटाको घरमा लगिन्छ । घर पुऱ्याएपश्चात् दुलहाले दुलहीलाई घरभित्र वोकेर लगिन्छ । बेहुलीलाई घर भित्र्याएपछि बेहुलाको आमाले आरती गरी पूजा गर्ने नियम छ ।

मुसहर जातिले मृत्यु संस्कारलाई पनि अत्यन्त महत्वका साथ पालना गर्छन् । व्यक्तिको मृत्युपश्चात् खोलाको किनारमा लगेर जलाइन्छ तर १४ वर्षभन्दा मुनिका व्यक्तिको मृत्यु भएमा भने खाल्टो खनेर गाड्ने गरिन्छ । यस समुदायको व्यक्तिको मृत्युमा सर्वप्रथम पहिले गाउँघर छरछिमेकीलाई खबर गरिन्छ । त्यसपछि शवलाई घर अगाडि आँगनमा राखिन्छ । मानिसहरू जम्मा भएपछि शवलाई घाट लगिन्छ । त्यसका लागि हरियो बाँस, सेतो कपडाको प्रयोग गरिन्छ । शव घाटतिर लैजाँदा उक्त घरको सदस्यले शव अगाडि अगाडि चामल, धान, खुद्रा पैसा छर्दै घाटसम्म लगिन्छ । शवलाई घाट लैजादा पुरुष मात्रै जान्छन् । शवलाई पुजारीले पूजा गरिसकेपछि सम्पूर्ण मलामीले फूलअक्षता शरीरमा चढाइ अन्तिम बिदाइ गरी श्रद्धाञ्जली दिन्छन् । चितामा चढाएको मृत शरीरमा भएको पुरानो कपडा निकाली सेतो कपडा ओढाइ सेतो धागोले तीन फन्का लगाइन्छ । दागबत्ती दिँदा आमाबुबाको मृत्युमा पहिला जेठा छोराले र पछि आफन्तले पनि दागबत्ती दिने चलन छ । १२ दिनसम्म किरिया बसी १३ औँ दिनमा पुजारी बोलाई काजकिरिया सम्पन्न गर्ने एक वर्षसम्म शुद्ध खाई बार्ने चलन छ । मुसहर परिवारको संरचना हेर्दा एकात्मक परिवार बढी रहेको पाइन्छ । यदाकदा संयुक्त पारिवारिक संरचना पनि देखिन्छ । आफ्नै मौलिक संस्कृति बोकेको मुसहर जाति पितृसत्तात्मक आधारमा चलेको छ । निर्णय प्रक्रिया बढी मात्रामा पुरुषकै चल्छ । नगन्यमात्रामा महिलाको पनि सहभागिता रहन्छ । दिनभद्री मुसहरको मूलदेवता हो । देवताको पूजा गाउँमा सबै जना मिलेर गर्छन् । यो पूजा धेरै जसो चैत, वैशाख र असार महिनामा गरिन्छ । पूजाका लागि दुई दिनसम्म माग्न हिँडिन्छ । यसरी माग्नुलाई 'डाली' भनिन्छ । मागेर प्राप्त भएको नगद र वस्तुबाट पूजाका लागि आवश्यक सामग्री किनेर तिथि तय भएको दिन पूजा गरिन्छ । पूजामा विभिन्न देवीदेवताको नाम लिई गोसाई खेल्छन् । मुसहर गीत गाएर पूजा सम्पन्न गरिन्छ । यसका साथै पितृदेवको पनि पूजा गरिन्छ । पूजामा देवतालाई दुध, दही, खिर, पान, सुपारी चढाउने चलन छ । विद्वान्को भनाइ अनुसार यिनीहरू भारतीय भूमिबाट १८ औँ शताब्दीमा नेपाल प्रवेश गरेको देखिन्छ । शारीरिक बनावटका आधारमा मात्र होइन, जातीय विशेषतामा पनि द्रविडसँग मुसहर जातिको मेल खान्छ । आधुनिकताले शिखर टेके पनि आर्थिक, राजनीतिक, शैक्षिक अवस्था भने यो जातिको कहाली लाग्दो छ । विशेष गरेर मजदुरीमा नै आश्रित यो जातिलाई सामाजिक, आर्थिक, शैक्षिक क्षेत्रमा सरकारले संरक्षण गर्न अब ध्यान दिनु पर्छ । राज्यबाट अवसर प्रदान गरेमा उनीहरूको स्तर पक्कै पनि उठ्ने छ । मुसहरको समग्र विकासका लागि अल्पकालीन र दीर्घकालीन योजना बनाई एकीकृत सामुदायिक ढाँचाका कार्यक्रम लागु गर्न सकेमा यो जातिको उचित संरक्षण तथा विकास हुने देखिन्छ ।



कलैया उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## युक्रेनमा भएको रूसी आक्रमणमा पाँचको मृत्यु, १९ जना घाइते

***युक्रेन, चैत २१ गते ।***
युक्रेनी शहर निकोपोलको बजारमा शनिबार भएको रूसी ड्रोन आक्रमण परी पाँच जनाको मृत्यु हुनुका साथै १९ जना घाइते भएको अधिकारीले बताएका छन् । क्षेत्रीय गभर्नर ओलेक्सान्डर गन्जाले टेलिग्राम पोस्ट मार्फत आक्रमणमा तीन महिला र दुई पुरुष गरी पाँच जनाको मृत्यु भएको बताउनु भएको छ ।

उहाँले घाइते भएका १९ जना मध्ये एक १४ वर्षीया बालिकाको अवस्था "गम्भीर" रहेको जनाउनु भएको छ। उत्तरपूर्वी सहर खार्किवमा शनिबार भएको घटनाको क्षेत्रीय प्रहरीलेसमेत पुष्टि गरेको छ । युक्रेनी वायु सेनाले रूसले रातारात २८६ वटा ड्रोन प्रहार गरेको र तीमध्ये २६० वटा रोक्न सफल भएको बताएको छ ।



उत्तरी सुमी क्षेत्रमा भएको आक्रमणमा ११ जना घाइते भएको प्रहरीले जनाएको छ । युक्रेनी आपतकालीन सेवाले जारी गरेको तस्बिरमा आक्रमणको कारण आगलागी भएको भवन देखाएको थियो। रूस र युक्रेनको सिमानामा रहेको दक्षिणी रोस्तोभ क्षेत्रमा भएको क्षेप्यास्त्र र ड्रोन आक्रमणमा एक जनाको मृत्यु हुनुका साथै चार जना गम्भीर घाइते भएको क्षेत्रीय गभर्नर युरी स्लुसारले बताउनु भएको छ।

युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्की टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगनसँग वार्ताका लागि शनिबार अन्कारा पुगेको जनाइएको छ । यस अघि संयुक्त राज्य अमेरिकाको मध्यस्थतामा दुई पक्षबिचको वार्ता मध्यपूर्वमा भएको युद्धको कारण अवरुद्ध भएको थियो । गत हप्ता जेलेन्स्कीले धेरै मध्य पूर्वी देशको भ्रमण गरी कतार र साउदी अरबसँग रक्षा सम्झौतामा हस्ताक्षर गर्नु भएको छ ।

## इरानद्वारा अमेरिकी युद्धविराम प्रस्ताव अस्वीकार, आक्रमण जारी

***तेहरान, चैत २१ गते ।***
इरानले अमेरिकाको प्रस्तावित ४८ घण्टे युद्धविराम अस्वीकार गरेको सरकारी समाचार एजेन्सी फर्सले जनाएको छ । फर्सका अनुसार, अमेरिकाको यो प्रस्ताव इरानलाई बिहीबार एक 'मैत्रीपूर्ण' देश मार्फत पठाइएको थियो ।

स्रोतले जनाए अनुसार, वाशिङटनले युद्धविराम सुनिश्चित गर्न कूटनीतिक प्रयास तीव्र बनाएको छ। यो कदम विशेष गरी कुवेतको बुबियान टापुमा इरानले लक्षित गरेको अमेरिकी सैन्य गोदाममा आक्रमण गरेको घटनापछि आएको हो । उक्त घटनाले अमेरिकाको सैन्य गतिविधिमा चुनौती सिर्जना गरेको थियो ।

फर्सले मूल्याङ्कन अनुसार, प्रस्ताव अमेरिकी-इजरायली आक्रमण र क्षेत्रीय संकटको तीव्रतासँग सम्बन्धित थियो । अमेरिकाले इरानको सैन्य क्षमताको गलत अनुमान गर्दा अमेरिकी सेनाका लागि गम्भीर समस्या



सिर्जना भएका थिए। इरानले यस प्रस्तावको लिखित जवाफ दिएको छैन । तर युद्धभूमिमा आक्रमण निरन्तर जारी राखेर आफ्नो अस्वीकृति स्पष्ट पारेको छ। यसले इरानको सशक्त र निर्णायक सैन्य प्रतिक्रिया देखाउँछ । पृष्ठभूमिः फेब्रुअरी २८ मा इजरायल र अमेरिकाले संयुक्त रूपमा तेहरान र अन्य प्रमुख इरानी शहरमा आक्रमण गरेका थिए । यस आक्रमणमा तत्कालीन इरानी सर्वोच्च नेता अली खामेनेईसहित वरिष्ठ सैन्य कमाण्डर र केही नागरिकको मृत्यु भएको थियो । त्यसपछि इरानले इजरायल र मध्यपूर्वमा अमेरिकी सम्पत्तिलाई लक्षित गर्दै मिसाइल तथा ड्रोन आक्रमणको लहर सुरु गरेको थियो । यो घटनाक्रमले इरान-अमेरिका-इजरायलबिचको द्वन्द्वलाई अझ गहिरो बनाएको छ र मध्यपूर्वमा तनाव निरन्तर बढिरहेको छ । युद्धविरामको अस्वीकृतिले आगामी दिनमा थप सैन्य र राजनीतिक चुनौतीको संकेत गर्दछ ।

## सबै प्रदेशको...

र एकरूपता कायम गर्ने योजना अघि सारेको छ। मन्त्रालयका अधिकारीहरूले भने, "प्रदेश तहका कार्यालयहरूले समयमै विवरण पेश नगरेको खण्डमा आवश्यक नियामक र प्रशासनिक कदम चालिनेछ।"

विशेषज्ञहरूका अनुसार, यस्तो एकीकृत दरबन्दी विवरणले कर्मचारी नियुक्ति, सरुवा, तलब भुक्तानी र बजेट व्यवस्थापनमा स्पष्टता ल्याउनेछ। यसले संघीय संरचनाभित्रको कर्मचारी व्यवस्थापन प्रणालीलाई थप दिगो र व्यवस्थित बनाउने विश्वास गरिएको छ।

मन्त्रालयले सात वटै प्रदेशका प्रमुख कार्यालयहरूलाई निर्देशित गरेसँगै अब प्रत्येक प्रदेश सरकारको कार्यकारिणीले आफ्ना मातहतका निकायहरूमा रहेका पद र तिनको स्वीकृत संख्या समयमै संकलन गर्नुपर्नेछ। यसले संघीय स्तरमा नीति निर्माण र प्रशासनिक योजना बनाउँदा सटीक डेटा उपलब्ध गराउनेछ।

## पोखरिया...

व्यवस्थापन र महाधिवेशनमा सहभागीको दायरा सुनिश्चित गर्ने उद्देश्य राखेको छ।

उक्त कार्यक्रमले प्रतिनिधिहरूलाई सांगठनिक कामका साथै स्थानीय निर्वाचन र सामाजिक गतिविधिहरूलाई समन्वय गरेर अघि बढाउन प्रशिक्षण दिएको थियो। यसले महाधिवेशन सफल बनाउन प्रत्येक जिल्लामा सक्रियता र अनुशासन कायम गर्न मद्दत पुग्नेछ। पौडेलले थपे, "महाधिवेशन केवल नेतृत्व चयनको कार्यक्रम मात्र होइन, यसले पार्टीलाई नयाँ ऊर्जा र संगठनात्मक मजबुती प्रदान गर्ने अवसर पनि हो। हरेक प्रतिनिधिले आफ्नो जिम्मेवारी पूरा गर्दै सदस्यता व्यवस्थापन, सामाजिक कार्यक्रम र निर्वाचन तयारीलाई समन्वय गर्नुपर्छ।"

कांग्रेसले यसरी संगठनात्मक मजबुती कायम गर्दै, सबै तहमा सदस्यको सक्रिय सहभागिता सुनिश्चित गर्ने रणनीति अघि बढाएको छ। प्रतिनिधिहरूले आफ्नो जिल्लामा सदस्यता अभियान, पुराना सदस्यको अद्यावधिक र नयाँ सदस्यताको अभिलेखन व्यवस्थित गर्नेछन्। यस अभियानले पार्टीलाई आगामी महाधिवेशनमा व्यापक जनसमर्थन जुटाउने अवसर दिने अपेक्षा गरिएको छ।

## निजी...

उनले भने।

कार्यक्रममा वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष हरि गौतमले बार-पर्सा औद्योगिक क्षेत्र स्थापना, दोहोरो-तेहरो कर असुली रोकथाम, भन्सार प्रक्रियाको सरलीकरण र सीमा क्षेत्रमा अवैध कारोबार रोक्न नीति बनाउने माग गरे।

सहभागीहरूमा अर्थ मन्त्रालयका राजस्व सचिव भूपाल बराल, पर्सा क्षेत्र नं. १ का सांसद हरि पन्त, वीरगञ्ज भन्सार कार्यालयका प्रमुख तथा उद्योगी-व्यवसायीहरू सहभागी थिए। वाग्लेले उद्योगी-व्यवसायीबाट प्राप्त सुझावलाई अध्ययन गरी सम्भव भएसम्म आगामी बजेटमा समेट्ने आश्वासन पनि दिएका छन्।

## राष्ट्रिय...

दायित्व हो, र हामी यस विषयमा निरन्तर दबाब दिनेछौं।"

प्रदर्शनका सहभागीहरूले चेतावनी दिएका छन् कि यदि सरकारले तत्काल कदम चाल्ने प्रयास गरेन भने, उनीहरू व्यापक रूपमा प्रदर्शन र जनआन्दोलनमा जाने तयारीमा रहेको जनाइएको छ। आयोजकहरूका अनुसार, अभियानले आम नागरिकका मागलाई उच्च तहमा पुऱ्याउने र सरकारको ध्यानाकर्षण गराउने रणनीति अपनाउनेछ।

## राष्ट्रिय...

प्रणालीमार्फत आफ्ना विवरण अद्यावधिक गर्न सक्नेछन्। यसका लागि आयोगले तयार पारेको अनलाइन प्लेटफर्ममा प्रवेश गरी व्यक्तिगत विवरणहरू प्रविष्ट गर्नु पर्नेछ।

राष्ट्रिय परिचयपत्र नबनाएकाहरूका लागि आयोगले 'प्रि-इन्रोलमेन्ट' प्रणालीमार्फत नाम दर्ता गर्ने व्यवस्था मिलाएको छ। यस प्रणाली अन्तर्गत नागरिकले फोटो, औँठाछापसहित आफ्नो जैविक विवरण दर्ता गर्न सक्नेछन्।

मतदाता नामावली संकलनका लागि प्रदेश र जिल्ला निर्वाचन कार्यालयहरूमा पनि सुविधा उपलब्ध हुने निर्वाचन आयोगले जनाएको छ। नागरिकहरूले अनलाइन वा कार्यालयमार्फत दर्ता गर्दा आफ्नो नामावलीमा त्रुटि भएमा सोही समयमा सच्याउने सुविधा पनि पाइनेछ।

भट्टराईले जनतालाई समयमै नाम दर्ता वा विवरण अद्यावधिक गर्न आग्रह गर्दै भने, "मतदानको अवसर सुनिश्चित गर्न र निर्वाचन प्रक्रिया पारदर्शी बनाउन सबै नागरिकले यस कार्यक्रममा सहभागी हुनु आवश्यक छ।"

निर्वाचन आयोगले आगामी निर्वाचनका लागि सम्पूर्ण मतदाता विवरण अद्यावधिक गरेर सुनिश्चित गर्ने लक्ष्य लिएको छ। यसक्रममा मतदाता दर्ता अभियान जनचेतनामूलक रुपमा प्रदेश, जिल्ला र स्थानीय तहमा समेत सञ्चालन हुने जानकारी आयोगले दिएको छ।

## लमजुङमा...

२-३ जनाको अवस्था गम्भीर रहेको डीएसपी जितेन्द्रकुमार बस्नेतले जानकारी दिएका छन्।

प्रहरीले दुर्घटनाको कारणबारे प्रारम्भिक अनुसन्धान सुरु गरेको बताएको छ। घटनास्थलको दुर्गमता र जिपको तीव्र गति दुर्घटनाको सम्भावित कारण हुन सक्ने प्रारम्भिक अनुमान गरिएको छ।

स्थानीय प्रशासनले घाइतेहरूको तत्काल उपचारका लागि अस्पतालमा आवश्यक व्यवस्थापन मिलाएको छ भने मृतकको परिवारसँग सम्पर्क गरी प्रक्रिया अगाडि बढाइएको छ। समाचार तयार पार्दासम्म थप विवरण र घटनामा संलग्न अन्य पक्षबारे अनुसन्धान जारी रहेको छ।

## वैदेशिक...

श्रमिकले विदेश जान १ लाख ५० हजारदेखि ४ लाख रुपैयाँसम्म खर्च गर्नुपर्ने अवस्था रहेको मन्त्रालयले जनाएको छ। मन्त्रालयले दीर्घकालीन रूपमा 'रोजगारदाता पे' मोडल लागू गर्ने लक्ष्य राखेको छ, जसअन्तर्गत श्रमिकको शुल्क न्यूनतम राख्दै पारदर्शी प्रक्रिया सुनिश्चित गरिनेछ।

श्रम मन्त्रालयको यो कदमले श्रमिकको हित सुरक्षित गर्ने, अनावश्यक शुल्क र ठगी रोक्ने र वैदेशिक रोजगारी प्रक्रियामा पारदर्शिता ल्याउने उद्देश्य राखेको बताइएको छ।

## प्रहरीको...

बस्ने र हाल फर्किएका ३७ वर्षीय राजकुमार तामाङ पनि पक्राउ परेका छन्। वैदेशिक रोजगारीमा जाने तयारीमा रहेका तामाङलाई प्रहरीले 'गुण्डा' उपनाममा पक्रेको थियो।

त्यस्तै, 'किमजोङ' उपनामले चिनिने सुरेश गुरुङ र उनका समूहका सदस्यहरूलाई पनि पक्राउ गरिएको छ। खोटाङका स्थायी बासिन्दा गुरुङले टिकटकमा मानिसलाई आतंकित पार्ने भिडियो अपलोड गर्ने, र कपन, महाराजगञ्ज, बूढानीलकण्ठ क्षेत्रमा युवाहरूको समूह बनाएर हिँडडुल गर्ने गतिविधिका कारण प्रहरीले उनलाई सोधपुछको नाममा पक्राउ गरेको जनाएको छ।

सुनबहादुर तामाङ ('सुरज'), जो बालुवाखानीमा गिट्टी र बालुवा वितरणको व्यवसाय गर्दै आएका छन्, पनि पक्राउ परेका छन्। उनले 'खोटाङे ग्याङ' का सदस्यहरूलाई बेलाबेलामा भोजन गराउँदै आएका थिए।

काठमाडौं प्रहरीका प्रवक्ता एसपी पवनकुमार भट्टराईले भने, "सबैलाई 'गुण्डा' भन्न मिल्दैन। आवश्यक सोधपुछ र स्क्रीनिङपछि मात्रै पक्राउ परेकाको वास्तविक स्थिति सार्वजनिक हुनेछ। केहीको आपराधिक पृष्ठभूमि छ भने केहीको छैन।"

प्रहरीले पक्रिएका व्यक्तिको पृष्ठभूमि अनुसन्धान गरिरहेको र आवश्यक भएमा थप कारबाही अघि बढाउने तयारीमा रहेको बताएको छ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
वीरगंज महानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
करैयामाई गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
जीतपुरसिमरा उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# सबै प्रदेशको स्वीकृत दरबन्दी विवरण पेश गर्न संघीय मामिला मन्त्रालयको निर्देशन

*काठमाडौं, २१ चैत ।*
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सात वटै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई आफ्ना मातहतका निकायहरूको स्वीकृत दरबन्दी (स्टाफ संरचना) विवरण उपलब्ध गराउन निर्देशन दिएको छ। यो निर्देशन शनिबार (चैत २१, २०८२) मन्त्रालयले जारी गरेको सूचना मार्फत सार्वजनिक गरिएको हो।




मन्त्रालयका अनुसार, देशभरका सबै सात प्रदेश सरकारलाई आफ्ना कार्यालय, विभाग र मातहतका निकायहरूको स्वीकृत दरबन्दी विवरण संकलन गरी तीन दिनभित्र एकीकृत रूपमा मन्त्रालयमा पठाउन भनिएको छ। यस प्रक्रियाले संघीय तहमा कर्मचारी व्यवस्थापन र पदस्थापनाको स्पष्टता सुनिश्चित गर्ने उद्देश्य राखेको छ।

सूचनामा भनिएको छ कि प्रत्येक प्रदेशको कार्यालयले आफ्ना स्वीकृत पद र संरचनाको विवरण संकलन गरी एकमुष्ट रूपमा तयार पार्नुपर्नेछ र मन्त्रालयको इमेल ठेगानामा समयमै पठाउनुपर्छ। यसले मन्त्रालयलाई विभिन्न निकायको स्टाफ संरचना, पदको रिक्तता र आवश्यक परिमार्जनबारे विस्तृत डेटा उपलब्ध गराउनेछ।


संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यस निर्देशनमार्फत समान प्रक्रियाका आधारमा सात वटै प्रदेशमा कर्मचारी व्यवस्थापनमा पारदर्शिता

बाँकी तेस्रो पृष्ठमा

# एमालेमा विशेष महाधिवेशनको माग : युवा नेताहरू हस्ताक्षर अभियानमा

*२१ चैत,काठमाडौं –*
नेकपा एमालेभित्र नेतृत्व परिवर्तन र पार्टी संकटको सन्दर्भमा विशेष महाधिवेशनको माग बढिरहेको छ। पार्टीभित्रका केही युवा नेताहरूले हस्ताक्षर अभियान मार्फत केन्द्रिय नेतृत्वलाई दबाब दिँदै अबको विकल्प विशेष महाधिवेशन मात्र रहेको बताएका छन्।





एक नेताले अनलाइनखबरसँग भने, “निर्वाचनपछि भएका पार्टीका केही निर्णयहरू र नेताहरूको जिद्दि हेर्दा पनि पार्टीलाई जोगाउने एउटै विकल्प अब विशेष महाधिवेशन हो।” एमालेको पार्टी विधान–२०४९ को धारा ७३ अनुसार, दुई तिहाइ जिल्ला कमिटी वा बहुमत राष्ट्रिय महाधिवेशन प्रतिनिधिले लिखित रूपमा माग गरेमा ६ महिनाभित्र विशेष महाधिवेशन आयोजना गर्नुपर्ने व्यवस्था छ। सोही व्यवस्थाअनुसार हस्ताक्षर अभियान सुरु गरिएको हो। निवेदनमा भनिएको छ, “नेतृत्वप्रति नै जनताले अविश्वास गरेको अवस्था छ। राजधानी काठमाडौं उपत्यकाका १५ निर्वाचन क्षेत्रमध्ये ११ क्षेत्रमा एमाले उम्मेदवारको जमानत जफत हुनु पार्टीमा गम्भीर परिस्थिति सिर्जना गरेको छ।” यसले संकेत गर्छ कि वर्तमान केन्द्रीय सचिवालय र केन्द्रीय कमिटीको समीक्षा मात्र पर्याप्त छैन र पार्टीको निकासका लागि विशेष महाधिवेशन अपरिहार्य छ। पार्टी विधानअनुसार, बहुमत प्रतिनिधि अथवा दुई तिहाइ जिल्ला कमिटीको माग भएमा केन्द्रीय कमिटीले विशेष महाधिवेशन बोलाउनुपर्छ, र नबोलाइएमा त्यसबाट हुने निर्णय अधिकारिक मानिने व्यवस्था छ। धारा ७३ (घ) अनुसार विशेष महाधिवेशनले “निर्वाचनका विभिन्न धारामा तोकिएको सम्पूर्ण अधिकार र कर्तव्य पालना गर्न सक्ने” क्षमता राख्छ।

स्रोतका अनुसार युवा नेताहरूले खुलेर नेतृत्व परिवर्तनको बहस गरिरहेका छन्। केही वरिष्ठ पदाधिकारीहरू पनि नेतृत्व परिवर्तनको पक्षमा रहेको बताइएको छ। विशेष महाधिवेशनको मागसँगै युवा नेताहरूले पार्टी कार्यालयमा सडक प्रदर्शन, प्लेकार्ड प्रदर्शन र नेताहरूलाई गुलाबको फूल दिने जस्ता गतिविधि मार्फत दबाब सिर्जना गरिरहेका छन्।

# वैदेशिक रोजगारीमा सेवा शुल्कमा कडाइ, १० हजारभन्दा बढी लिई कारबाही।

काठमाडौं, २१ चैत –
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीमा जाने श्रमिकबाट लिइने सेवा शुल्कमा कडाइ गर्ने नीति लागू गरेको छ। नयाँ नियम अनुसार, अब कुनै म्यानपावर कम्पनीले १० हजार रुपैयाँभन्दा बढी सेवा शुल्क लिँदा कानुनी कारबाही हुने छ।



श्रममन्त्री दीपककुमार साहले भिडियो सन्देशमार्फत चेतावनी दिँदै भने, “तोकिएको सीमा नाघेर शुल्क उठाउने जो–कोहीमाथि कानुनी कारबाही हुनेछ।” उनले वैदेशिक रोजगारी जाने श्रमिकलाई ‘हेलो सरकार’ वा ‘श्रमधान’ कल सेन्टरमार्फत जानकारी दिन आग्रह गरेका छन्।

सरकारले नीति प्रभावकारी बनाउन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा श्रमिकसँग सोधपुछ गर्ने प्रक्रिया सुरु गरेको छ। साथै, वैदेशिक रोजगार विभागले सबै म्यानपावर कम्पनीहरूलाई शुल्क विवरणसहित उपस्थित हुन निर्देशन दिएको छ। ‘फ्रि भिसा, फ्रि टिकट’ नीति २०७२ सालदेखि लागू भए पनि यसको प्रभावकारी कार्यान्वयन नभएको भन्दै व्यवसायीहरूले आलोचना गर्दै आएका छन्। उनीहरूको तर्क छ कि वास्तविक खर्च अधिक हुने भएकाले १० हजार रुपैयाँको सीमा व्यवहारिक नहुने दाबी गरिएको हो। हालको परिस्थितिअनुसार, अधिकांश

बाँकी तेस्रो पृष्ठमा

# चितवनमा एक आपसमा तीन सवारी ठक्करमा १५ जना घाइते

*चितवन, २१ चैत –*
भरतपुर महानगरपालिका–१, आँपटारीचोकमा शनिबार साँझ तीनवटा सवारीसाधन एकअर्कामा ठोक्किँदा १५ जना घाइते भएका छन्।



जिल्ला प्रहरी कार्यालय चितवनका अनुसार मुग्लिनबाट नारायणगढतर्फ आउँदै गरेको ग१ख ९९२५ नम्बरको बस र विपरीत दिशाबाट जाँदै गरेको लु१च ८५५२ नम्बरको बलेरो ठोक्किएका थिए। यसपछि बलेरोको पछाडि आउँदै गरेको बा प्र.०३–००१ ह २५४८ नम्बरको अटो पनि ठोक्किएको छ।

घाइतेमध्ये बसमा सवार १४ जना र अटोको चालक एक जना छन्। उनीहरूको उपचार भरतपुर अस्पताल, चितवन मेडिकल कलेज र नेसनल सिटी अस्पतालमा भइरहेको छ। घाइतेहरूको स्वास्थ्य अवस्था स्थिर भए पनि केहीको अवस्था गम्भीर रहेको बताइएको छ। प्रहरीले घटनाको थप विवरण संकलन गर्दै अनुसन्धान अघि बढाएको छ। प्रारम्भिक अनुमान अनुसार सडकमा अत्यधिक भीड र सवारीको गति नियन्त्रणमा नभएको कारणले दुर्घटना भएको हुन सक्ने प्रहरीको भनाइ छ।

सडक प्रयोगकर्ताहरूलाई प्रहरीले सावधानी अपनाउन र ट्राफिक नियमको पालना गर्न आग्रह गरेको छ।

# प्रहरीको “अपरेशन सेफ्टी काठमाडौं”: कांग्रेसका “स्याल” देखि टिकटकर “किमजोङ” सम्म पक्राउ

*काठमाडौं, २१ चैत ।*
काठमाडौं – प्रहरीले ‘अपरेशन सेफ्टी काठमाडौं’ अन्तर्गत उपत्यकाका विभिन्न स्थानमा सादा पोशाकमा छापामारी गर्दै केही व्यक्तिहरूलाई पक्राउ गरेको छ। दरबारमार्गस्थित होटल उडल्याण्डमा सञ्चालित लिक्विड लाउञ्ज बारमा प्रहरी पुगेको बेला सञ्जीव काभ्रे (उपनाम ‘स्याल’) पक्राउ परेका थिए। काभ्रे नेपाली कांग्रेसका महासमिति सदस्य समेत हुन्।



प्रहरी स्रोतका अनुसार, काभ्रे व्यवसायिक रूपमा रात्रिकालीन बार–रेष्टुरेन्ट सञ्चालन गर्दै आएका छन्। तर, उनको क्रिमिनल रेकर्ड सिस्टम (सीआरएस) मा कुनै आपराधिक अभिलेख नभएको पाइएको छ। प्रहरीका अनुसार उनलाई उपत्यकामा जनजीवन खल्बल्याउने सम्भावित नाममा पक्राउ गरिएको हो। यसै क्रममा, चार वर्ष कम्बोडिया

बाँकी तेस्रो पृष्ठमा

# लमजुङमा जिप दुर्घटना: २ जनाको मृत्यु, १२ जना घाइते

*लमजुङ, २१ चैत २०८२ –*
लमजुङमा मर्स्याङ्दी गाउँपालिका वडा नम्बर ७ मा जिप दुर्घटना हुँदा २ जनाको मृत्यु भएको छ भने १२ जना घाइते भएका छन्। दुर्घटना बेँसीसहरबाट उस्ताका लागि छुटेको ग १ ख ६४७० नम्बरको जिप सडकबाट करिब ५० मिटर तल खस्दा भएको लमजुङ प्रहरीले जनाएको छ।



उद्धार कार्यमा प्रहरीले दुर्घटनामा परेका १४ जनालाई तत्काल नजिकैका अस्पतालमा पुऱ्याएको थियो। तीमध्ये २ जनाको मृत्यु भएको पुष्टि भएको छ। बाँकी १२ जना घाइतेहरूको हाल अस्पतालमा उपचार भइरहेको छ। घाइतेमध्ये

बाँकी तेस्रो पृष्ठमा

जनहितमा जारी सन्देश
“बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।”
हामी सबैको कर्तव्य हो-
बालबालिकालाई विद्यालय पठाउने ।
उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
बाल विवाहको विरोध गर्ने ।
“बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार”
“छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔं, भविष्य उज्यालो बनाऔं”
विश्रामपुर गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
“बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।”
हामी सबैको कर्तव्य हो-
बालबालिकालाई विद्यालय पठाउने ।
उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
बाल विवाहको विरोध गर्ने ।
“बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार”
“छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔं, भविष्य उज्यालो बनाऔं”
निजगढ नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
“बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।”
हामी सबैको कर्तव्य हो-
बालबालिकालाई विद्यालय पठाउने ।
उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
बाल विवाहको विरोध गर्ने ।
“बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार”
“छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔं, भविष्य उज्यालो बनाऔं”
फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
“बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।”
हामी सबैको कर्तव्य हो-
बालबालिकालाई विद्यालय पठाउने ।
उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
बाल विवाहको विरोध गर्ने ।
“बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार”
“छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔं, भविष्य उज्यालो बनाऔं”
सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।